# सरकारको प्राथमिकता संविधान निर्माण

भुवन केसी/तिलक पाठक

***प्रकाशित मिति:* असार २३, २०७१**

सत्तारुढ दल र प्रतिपक्षी दलहरुबीच विवाद हुँदा प्रिबजेट छलफलमा ढिला भयो । सत्तारुढ दल र प्रतिपक्षीबीच सहमति भएपछि भने संसदमा नीति तथा कार्यक्रम ल्याउने वातावरण बन्यो । यसअघिका मुख्य घोषणामा झैं सरकारले नीति तथा कार्यक्रममा पनि संविधान निर्माणलाई प्राथमिकतामा राख्यो । सभासद्हरुले निर्वाचन क्षेत्रलाई पाँच करोड रुपैयाँ बजेट विनियोजन गर्नुपर्ने भन्दै दबाब जारी राखे । संविधानसभामा रहेका दलहरुले संविधान निर्माण प्रक्रियालाई सहज बनाउन संविधानसभा बाहिर रहेका नेकपा माओवादीलाई समेत समेट्ने प्रयास गरे । पार्टीको नवौं महाधिवेशनले गर्दा प्रमुख प्रतिपक्षी दल नेकपा एमालेमा तीव्र धुव्रीकरण भयो । धेरै समयदेखिको एमाओवादीको विवाद भने तत्कालका लागि साम्य जस्तै हुन पुग्यो ।

## सहमति पछि खुल्यो संसद

बिगतको सहमति पनि कार्यान्वयन नभएको र प्रिबजेट पेश हुनुपूर्व जथाभावी रुपमा रकमान्तर गरेको भन्दै प्रमुख प्रतिपक्ष एकीकृत नेकपा माओवादीसहितका प्रतिपक्षी दलहरुले संसद निरन्तर रुपमा अवरोध गरे । एमाओवादीका सभासद् जनार्जन शर्माले संसदको बैठकमा बोल्दै योजना नै नभएको ठाउँमा नयाँ नामाङ्कन गरी राष्ट्र लुट्ने काम भइरहेको र सभामुखले रुलिङ गरेका विषयमा समेत सरकारले जवाफ नदिएको आरोप लगाए ।[1] एमाओवादी प्रवक्ता दिननाथ शर्माले सत्ता साझेदारलाई समेत विश्वासमा नलिएर एकलौटी रुपमा राज्य कोषको दुरुपयोग गर्नु सर्वथा गलत भएको बताए ।[2]

उता मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादबले नदी नै नभएको ठाउँमा पुल बनाउन र बाटो नै नभएको ठाउँमा पिच गर्न बजेट बाँडिएको आक्षेप लगाए ।[3] राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका अध्यक्ष कमल थापाले सरकारले लोकतन्त्रका नाममा लुटतन्त्र मच्चाएको भन्दै गैरबजेटरी रकम अपचलनको संसदीय छानबिन हुनुपर्ने माग गरे ।[4] काँग्रेसका मन्त्रीहरुले आफूखुशी रकमान्तर गरेको भन्दै एमालेका सभासद्हरुले पनि सरकारको विरोध गरे । तर, अर्थमन्त्री रामशरण महतले भने यस पटक ३५ अर्व रुपैयाँ रकमान्तर भएको, त्यो निरन्तर कार्य अनुसार भएको र कानूनभन्दा बाहिर नभएको जिकिर गरे ।[5]

---

[1] सदन फेरि अवरुद्ध । १९ जेठ, २०७१ । कान्तिपुर, पृ २ ।

[2] राज्यकोषको दुरुपयोग रोकिनुपर्छ -दिननाथ । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/12/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[3] सदन फेरि अवरुद्ध । १९ जेठ, २०७१ । कान्तिपुर, पृ २ ।

[4] सदन फेरि अवरुद्ध । १९ जेठ, २०७१ । कान्तिपुर, पृ २ ।

[5] कानून भन्दा बाहिर गएर रकमान्तर गरिएको छैन -अर्थमन्त्री । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/13/?from=2014-06-01&to=2014-06-30&submit=Submit

प्रतिपक्षी दलहरुका सामु सरकार तत्काल लचिलो भएन भने प्रतिपक्षी दलहरु पनि आफ्नो अडानबाट पछि हटेनन् । सदन खुलाउन सत्तारुढ दल काँग्रेस र एमालेले प्रतिपक्षी दलहरुसँग वार्ता गरे । तर, वार्ता तत्कालै सफल भएन । वार्ताका क्रममा एमाओवादीले उच्चस्तरीय राजनीति संयन्त्र बनाउनुपर्ने र त्यसको नेतृत्व आफूले पाउनुपर्ने माग गरेको थियो । एमालेले स्थायी रुपमा त्यसको नेतृत्व एमाओवादीलाई दिन नहुने अडान राख्दा संसदको अवरोध खुल्न सकेन ।[6] एमाओवादी उपाध्यक्ष पहिलेको सहमति अनुसार एमाओवादी अध्यक्ष दाहाललाई राजनीतिक समितिको अध्यक्ष नदिएसम्म संसद नखुल्ने बरु झन् सशक्त हुने चेतावनी दिए ।[7]

सदन अवरुद्ध भइरहेका बेला प्रधानमन्त्री सुशील कोइराला चीन भ्रमणमा लागे । यता, एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले एमाओवादीका अध्यक्ष पुष्पकमल दाहालसँग वार्ता गरे । प्रिबजेटबारे छलफल हुन नसकी आलोचना बढीरहेका बेला सत्तारुढ दल र प्रतिपक्षी दलहरुबीच सहमति भयो । जसमा बिगतमा भएका सहमति कार्यान्वयन गर्ने र रकमान्तरबारे संसदलाई जानकारी गराउने लगायतका थिए । त्यसपछि संसद चल्यो । तर, सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच सहमति हुँदा प्रिबजेटमाथिको छलफल गर्नका लागि ढिला हुन पुग्यो । तैपनि केही दिन संसदमा प्रिबजेटबारे छलफल भयो ।

## सभासद्ले माग पाँच करोड

सरकारले बजेटको तयारी गरिहेका बेला सभासद्हरुले हरेक निर्वाचन क्षेत्रलाई दिइने गरेको १० लाख रुपैयाँलाई बढाएर ५ करोड रुपैयाँ पुर्‍याउनका लागि दबाब अभियान शुरु गरे । यसका लागि काँग्रेस र एमालेका सभासद्हरुले नै अग्रसरता लिए । काँग्रेस र एमालेका सभासद्हरुले सरकारलाई दबाब दिन हस्ताक्षर संकलन गरे । यसरी प्राप्त हुने रकम समानुपातिक सभासद र विभिन्न पक्षसँगको परामर्शमा विकास निर्माणमा खर्च हुने सभासद्हरुको भनाइ थियो । एमाले सभासद् विदुर सापकोटाले यो कार्यक्रममा सभासद्ले एकलौटी रकम बाँडफाँड गर्ने नभएर निर्वाचित सभासद्, स्थानीयबासी र कर्मचारी सम्मिलित समितिले छनोट गरेका योजना मात्रै अघि बढाउने धारणा राखे ।[8] काँग्रेस सभासद् चन्द्र भण्डारीले यसअघि उपलब्ध हुँदै आएको दश लाख रुपैयाँ दुरुपयोग भएकाले विनियोजन र अनुगमन गर्ने बलियो संयन्त्र बनाइ पाँच करोड रुपैयाँ पुर्‍याउनुपर्ने बताए ।[9] पाँच करोड रुपैयाँ बिनियोजन हुनुपर्ने माग गर्दै २ सय ९९ जना सभासद्ले हस्ताक्षर संकलन गरी अर्थमन्त्री रामशरण महतलाई बुझाए जसमा काँग्रेसका १ सय २४, एमालेका १ सय ३५ र बाँकी मधेशवादी, माले, राप्रपा लगायतका सभासद् थिए ।[10] सभासद्हरु पक्ष विपक्षमा लागे । राष्ट्रिय जनमोर्चाका सभासद् चित्रबहादुर केसीले पाँच करोड दिन नहुने अडान राखे । प्रमुख प्रतिपक्षी दल एकीकृत नेकपा माओवादी पनि यसको विरोध गर्‍यो । एमाओवादी सभासद् भक्ति पाण्डेले यस्तो परिपाटीले विकसित क्षेत्र र धनीलाई झन धनी

[6] कान्तिपुर टिभी । जेठ २५, २०७१ ।

[7] प्रचण्डलाई राजनीतिक समितिको अध्यक्ष नबनाएसम्म संसद अवरोध नखुल्ने । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/11/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[8] आचार्य, कृष्ण । १९ जेठ, २०७१ । सभासद्ले माग ५ करोड । कान्तिपुर, पृ १ ।

[9] आचार्य, कृष्ण । १९ जेठ, २०७१ । सभासद्ले माग ५ करोड । कान्तिपुर, पृ १ ।

[10] अवस्थी, गोकर्ण । असार ४, २०७१ । ५ करोडमा सभासद्को ढिपी । कान्तिपुर, पृ. १ ।

र गरिब र पिछडिएको क्षेत्रलाई झन् कंगाल बनाउने टिप्पणी गरे ।[11] तर, धेरै सभासद्ले पाँच करोड रुपैयाँ विनियोजन हुनुपर्ने कुरालाई भने जोड दिइरहे ।

## संविधानलाई प्राथमिकता

मूलतः काँग्रेस र एमाले एक वर्षभित्र संविधान जारी गर्ने भन्दै संविधानसभा निर्वाचनमा जनताबीच पुगेका थिए । सत्तामा पुगेपछि पनि उनीहरुले संविधान निर्माणलाई प्राथमिकता दिने कुरालाई बारम्बार जोड दिए । त्यतिमात्र होइन, सरकारले नीति तथा कार्यक्रममा पनि संविधान निर्माणलाई प्राथमिकता दियो ।

नीति तथा कार्यक्रम सार्वजनिक गर्दै राष्ट्रपति रामवरण यादवले भने, 'अब, हाम्रो समग्र ध्यान समयै जनचाहना अनुरुपको संविधान जारी गर्नु हो र त्यो नै आधुनिक नेपालको संवृद्धिको प्रस्तान बिन्दु बन्न सक्ने मेरो विश्वास छ ।'[12] यसले संविधान निर्माणका लागि सत्तापक्ष संविधान निर्माणमा प्रतिबद्ध छन् भन्ने कुरालाई थप सहयोग गऱ्यो ।

## संविधानसभामा बहस जारी

यस अवधिमा पनि संविधानसभामा संविधान अभिलेख अध्ययन तथा निक्यौंल समितिले तयार पारेका प्रतिवेदनमा छलफल भयो । राज्यपुनर्संरचनाबारेमा छलफल हुँदा काँग्रेस र एमालेले सात प्रदेशमा जानुपर्नेमा जोड दिए । एमाओवादी लगायतका दलहरुले भने राज्य पुनर्संरचना आयोग र राज्य पुनर्संरचना समितिको प्रतिवेदनमा जानुपर्ने धारणा व्यक्त गरे । शासकीय स्वरुपमा काँग्रेसले संसदीय प्रणाली, एमाले प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र एमाओवादीले प्रत्यक्ष निर्वाचित राष्ट्रपति प्रणालीमा जोड दिए ।[13]

यस अवधिमा राजनीतिक संवाद तथा सहमति समितिले १८ बर्ष पुगेका नागरिकले सैनिक तालिम लिने कि नलिने भन्ने विवादको विषय टुंगो लगायो । जसमा 'राष्ट्रले चाहेको बखत अनिवार्य सेवा गर्नु'[14] भन्ने उल्लेख गरियो । संविधानसभाको निर्वाचन सम्पन्न भएको ६ महिनामा पहिले रहेका विवादित विषयमा राजनीतिक दलहरुबीच सहमति भएको यो एउटा मात्रै विषय हो । त्यसपछि संवैधानिक राजनीतिक संवाद तथा सहमति समितिका सभापति बाबुराम भट्टराईले पत्रकार सम्मेलन गरी माघ ८ गतेभित्रै संविधान बन्ने वातावरण बनेको दाबी गरे ।

## मोर्चाको तयारी

संविधानसभाको निर्वाचनबाट तेस्रो शक्तिमा खुम्चिएको एमाओवादीले नेकपा माओवादी लगायतका दलहरुसँग कार्यगत एकताका लागि पहल गऱ्यो । संविधान निर्माणका बेला छलफल हुँदा मूलतः काँग्रेस र एमालेका शिर्ष नेताहरुले सहमति भए राम्रो नभए प्रकृयाबाट संविधानमा समावेश गरिने

[11] काँग्रेस, एमाले सभासद्हरुको अभियान एमाओवादीलाई अमान्य । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/14/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[12] आर्थिक बर्ष २०७०/७२ को नेपाल सरकारको नीति तथा कार्यक्रम । १५ असार, २०७१ ।

[13] शासकीय स्वरुपमा दलहरुबीच मतैक्यता देखिएन । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/12856/

[14] संवैधानिक-राजनीतिक संवाद तथा सहमति समितिको पत्रकार सम्मेलन । असार १२, २०७१ ।

विषयवस्तुको टुंगो लगाउने बताएपछि एमाओवादी झस्कियो । संघीयता, शासकीय स्वरुप लगायतका विवादित विषयलाई प्रकृयाबाट टुंगो लगाउँदा काँग्रेस र एमालेकै अवधारणा पारित हुने स्थिति रहेकाले एमाओवादीले संविधानमा रहेका र बाहिर रहेका दलहरुसँग परामर्श गऱ्यो ।

एमाओवादीले मोहन बैद्यले नेतृत्व गरेको नेकपा माओवादी, मातृका यादवले नेतृत्व गरेको नेकपा माओवादी, मणि थापा नेतृत्वको क्रान्तिकारी कम्युनिष्ट पार्टी र नेकपा एकीकृतसँग कार्यगत एकता गर्ने घोषणा गऱ्यो । ती पार्टीका नेताहरु रहेको कार्यगत एकता समितिले तयार पारेको अवधारणामा जनताका संविधानका अन्तरवस्तुहरु, राष्ट्रिय स्वाधिनता, जनतन्त्र, जनजीविका, शान्ति प्रक्रियाका विषयहरु लगायतका राष्ट्रिय महत्वका विषयहरुमा राष्ट्रिय सहमति कायम गर्न सर्वपक्षिय सभाको गठन गर्न पहल गर्ने, उक्त विषयलाई लिएर संविधानसभामा भएका दलहरुले संविधानसभामा र सबै दलहरुले सडकबाट संयुक्त रुपले संघर्ष उठाउन पहल गर्ने लगायतका ७ वटा उद्देश्य राखिएको थियो ।[15] त्यति मात्र होइन, एमाओवादीले तराई मधेश केन्द्रीत राजनीतिक दलहरुसँग पनि सहकार्यका लागि परामर्श गर्न थाल्यो । प्रगतिशील संविधान निर्माणका लागि दबाब दिने उद्देश्यले माओवादीले मोर्चाबन्दी र कार्यगत एकता थालेको हो ।[16]

## माओवादीलाई पनि समेट्ने प्रयास

संविधानसभाको निर्वाचन बहिस्कार गरेको नेकपा माओवादीलाई पनि संविधानसभामा रहेका दलहरुले पनि संविधान निर्माण प्रकृयामा सहभागी गराउने प्रयास गरे । उनीहरुले माओवादीलाई संसदमा आउन पनि आग्रह गरेका थिए । तर, त्यसलाई माओवादीले कहिल्यै स्वीकार गरेन । बरु, उसले अहिलेको संविधानसभाबाट जनपक्षिय संविधान आउने सम्भावना नरहेको भन्दै गोलमेच अर्थात सर्वपक्षिय सम्मेलनलाई जोड दियो । प्रधानमन्त्री सुशील कोइरालाको सकृयतामा काँग्रेस, एमाले, एमाओवादी र माओवादीबीच वार्ता भयो जसमा सर्वपक्षिय राष्ट्रिय राजनीतिक सभामार्फत संविधान निर्माण प्रकृयामा सहभागी हुन माओवादी सकारात्मक भयो ।

## एमालेमा महाधिवेशन रौनक

महाधिवशेनको मिति नजिकिदै गर्दा एमालेमा महाधवेशनको चहल पहल निकै बढ्यो । नेताहरु देश दौडाहामा जाने मात्र होइन, राजधानीमा दिनहुँ जसो माधव कुमार नेपाल र केपी शर्मा ओली पक्षले छलफल र भेटघाट गरे । ओलीले अध्यक्ष पदमा आफ्नो उम्मेदवारी घोषणा गरे । उनले एमालेलाई जुझारु र जनतामा आधारित सशक्त पार्टी बनाउने प्रतिबद्धता व्यक्त गरे ।[17] यसबीचमा एमालेले नवौं महाधविशेनका लागि देशभरबाट प्रतिनिधिहरु चयन गऱ्यो । केन्द्रमा अध्यक्ष पदमा नेपाल र ओलीबीच प्रतिष्पर्धा भएपछि कतिपय जिल्ला प्रतिनिधि निर्वाचनमार्फत प्रतिनिधि भए जसलाई एमालेले

[15] कार्यगत एकता समितिको अवधारणापत्र । १४ असार, २०७१ ।

[16] बिसी, गंगा । असार १३, २०७१ । एमाओवादीले मोर्चाबन्दी बनाउन थाल्यो । कान्तिपुर, पृ.१ ।

[17] मेरो बाँकी जीवन पार्टीलाई समर्पण गर्छु-वरिष्ठ नेता ओली । Retrieved July 5, 2014, from http://www.cpnuml.org/content/newsdetails/222.html

लोकतान्त्रिक विधि अनुसार निर्वाचित भएको भन्यो ।[18] धेरै ठाउँमा तलै देखि एमालेका कार्यकर्ताहरु नेपाल र ओली पक्षमा विभाजित हुँदै प्रतिनिधि भए ।

नेपाल र ओली दुवै पक्ष एक अर्कोको आरोप-प्रत्यारोपमा उत्रिए । नेपाल पक्षले ओलीको स्वास्थ्य कमजोर भएको र पार्टी हाँक्न नसक्ने आरोप लगायो भने ओली पक्षले नेपाललाई पन्ध्र बर्ष कार्यकारी पद सम्हालेको र नेतृत्व हस्तान्तरण गर्नै नचाहेको आरोप लगायो । शिर्ष नेताहरुले नै एक-अर्कोलाई महाधिवेशनलाई अस्वस्थ बनाउन खोजेको आरोप लगाए । ओलीलाई लक्षित गर्दै नेपालले राजनीतिक नियुक्तिको लोभ देखाउने, विभिन्न किसिमका प्रलोभन दिने र त्यति गर्दा पनि दबाब नपर्ने कार्यकर्ताहरुलाई राजनीतिक भविष्य खतरामा पर्ने चेतावनी प्रत्यक्ष/अप्रत्यक्ष रुपमा दिने जस्ता गलत व्यवहार देखा पर्न थालेको र गाला ताछ्ने, दाँत झार्ने धम्की दिइएको[19] बताए । उता, नेपालप्रति लक्षित गर्दै ओलीले आकाश ताक्ने तर भुइँमा केही पनि उम्रिन नदिने सल्लाको बोट जस्तो प्रवृतिले गर्दा नै युवा नेतृत्वको विकास हुन सकिरहेको छैन[20] भन्ने आरोप लगाए । उनले नेतृत्व दोहोरिएमा पार्टी असफल हुने ठोकुवा नै गरे ।[21] शिर्ष नेताहरुबीच मात्र होइन, अन्य नेता तथा कार्यकर्ता पनि आरोप प्रत्यारोपमा उत्रिए । नेपाल पक्षबाट महासचिव हुने निश्चित प्राय भएका सुरेन्द्र पाण्डेले ओली समूहलाई बुढा पुस्ताको भिड[22] भएको बताए । पार्टी अध्यक्ष झलनाथ खनालले गुट भेला नगर्न नेपाल र ओली पक्षलाई निर्देशन दिए ।[23] तर उनको निर्देशनको कहीकतै पालना भएन । तैपनि उनले नवौं महाधिवेशन एकता र अग्रगतिको हुने विश्वास व्यक्त गरिरहे ।[24] पार्टीभित्र समूहगत रुपमा नेताहरु प्रस्तुत भइरहेका बेला नेताहरुको व्यवस्थापनका लागि एमालेले पदाधिकारी संख्या बढाउने तयारी गर्‍यो । आठ सदस्यीय पदाधिकारी रहेकोमा एमाले त्यसलाई बढाएर १५ सदस्यीय पुर्‍याउने निर्णय गर्‍यो ।[25]

## प्रधानमन्त्री अमेरिका प्रस्थान

मुलुकमा संविधान निर्माणको प्रक्रिया जारी रहेको र सरकारको नीति तथा कार्यक्रम पेश गर्ने बेला हुँदा प्रधानमन्त्री सुशील कोइरालाको स्वास्थ्य खराब भयो । परीक्षणका क्रममा प्रधानमन्त्रीको फोक्सोमा कालो दाग देखिएपछि क्यान्सर भएको आशंका गरियो । त्यसपछि प्रधानमन्त्री कोइराला उपचारका लागि अमेरिका गए । न्यूयोर्कस्थित मेमोरियल स्लोन केटरिङ क्यान्सर सेन्टरमा परीक्षण गर्दा उनलाई क्यान्सर भएको पुष्टि भयो ।[26] उपचारका क्रममा केही समय अमेरिका बस्नुपर्ने भएपछि प्रधानमन्त्री कोइरालाले

[18] १ हजार ८३ प्रतिनिधि चयन । Retrieved July5, 2014, from http://www.cpnuml.org/content/newsdetails/239.html

[19] खनाल, दुर्गा । असार ७, २०७१ । नेपाल-ओली घोचाघोच । कान्तिपुर, पृ. २ ।

[20] खनाल, दुर्गा । असार ७, २०७१ । नेपाल-ओली घोचाघोच । कान्तिपुर, पृ. २ ।

[21] नेतृत्व दोहोरिएमा पार्टी असफल हुने ओलीको दाबी । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[22] ओली प्यानल बुढा पुस्ताको भिड -पाण्डे । http://setopati.com/raajneeti/page/2/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[23] खनाल, दुर्गा । १९ जेठ, २०७१ । 'गुट भेला रोक्नुस्' । कान्तिपुर, पृ. ३ ।

[24] एकता कायम गर्छौं-खनाल । Retrieved July5, 2014, from http://www.cpnuml.org/content/newsdetails/239.html

[25] एमालेद्वारा विधान संशोधनलाई अन्तिम रुप प्रदान । Retrieved July5, 2014, from http://www.cpnuml.org/content/newsdetails/226.html

[26] मिश्र, अतुल । असार १३, २०७१ । प्रधानमन्त्रीलाई फोक्सोको क्यान्सर । कान्तिपुर, पृ. १ ।

कार्यवहाक प्रधानमन्त्री बामदेव गौतमलाई टेलिफोन गरी आफू नहुँदा पनि सरकारका कामकारवाही अघि बढाउन दिर्नेशन दिए ।[27] त्यसैले उनी अमेरिका गएपनि सरकारले नीति तथा कार्यक्रम सार्वजनिक गऱ्यो ।

**कांग्रेसको सीट बढ्यो**

असार ८ गते चार वटा निर्वाचित क्षेत्रमा संविधानसभाको उपनिर्वाचन भयो । संविधानसभा निर्वाचनमा दुई ठाउँबाट निर्वाचित भएका नेताहरुले एक स्थानबाट राजीनामा दिएपछि संविधानसभाको उपनिर्वाचन गराउनु परेको हो । काठमाडौं, बर्दिया, चितवन र कैलालीमा भएको निर्वाचनमध्ये काठमाडौं २ मा काँग्रेसका उम्मेदवार दीपक कुइकेल, चितवन ४ मा काँग्रेसका रामकृष्ण घिमिरे र कैलाली ६ मा काँग्रेसका उम्मेदवार पुष्करनाथ ओझा निर्वाचित भए भने बर्दियामा एमालेका उम्मेदवार श्यामप्रसाद ढकाल विजयी भए ।

यसअघि चितवनमा काँग्रेस सभापति सुशील कोइराला र कैलालीमा काँग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा विजयी भएका थिए भने काठमाडौंमा एमालेका वरिष्ठ नेता माधवकुमार नेपाल विजयी भएका थिए । यस निर्वाचनबाट काँग्रेस थप उत्साहित हुन वातावरण बन्यो भने यसअघिको निर्वाचनमा संरचनागत धाँधली भएको थियो भन्ने एमाओवादीको आरोप खण्डीत हुन पुग्यो । किनकी उपनिर्वाचनमा पनि एमाओवादीको अवस्था पहिलेको भन्दा राम्रो हुन सकेन । कैलाली ६ मा त जमानत नै जफत भयो ।[28]

**राप्रपामा पार्टी कब्जा रणनीति**

एक वर्षअघि भएको सहमति अनुसार राष्ट्रिय प्रजातन्त्र पार्टीको अध्यक्ष सूर्यबहादुर थापा पछि लोकेन्द्रबहादुर चन्द हुनुपर्ने थियो । तर, चक्रिय प्रणाली अनुसार भएको सहमति अनुसार अध्यक्ष थापाले अध्यक्ष पद चन्दलाई दिन चाहेनन् । उनले केन्द्रीय समितिको बैठक राख्ने र पशुपति शम्शेर राणालाई अध्यक्ष पद दिन चाहे । कार्यकाल सकिँदा समेत थापाले अध्यक्ष पद नदिएपछि चन्द आक्रोशित भए । उनले केन्द्रीय कार्यालय कब्जा पनि गरे । र, आफू अध्यक्ष भएको दाबी गरे ।

यता थापाले फेरि पार्टी कार्यालयलाई आफ्नो नियन्त्रणमा लिए । राप्रपामा आफूलाई अध्यक्ष घोषणा गरेका लोकेन्द्रबहादुर चन्दको नाम प्लेट हटाइ थापा पक्षका नेता कार्यकर्तले पार्टी कार्यालय नियन्त्रणमा लिएका हुन् ।[29] र, केन्द्रीय समितिको बैठकमा अध्यक्ष चयनको प्रस्ताव पेश गरे । थापाको सहमति र सहयोगमा राणा राप्रपाको अध्यक्षमा चयन भए । अध्यक्षमा चयन भएपछि अध्यक्ष राणाले आफ्नो पहिलो काम पार्टीभित्रको विवाद मिलाउनु भएको बताए । तर, पार्टीमा विवाद भने जारी नै रह्यो ।[30]

---

[27] बानियाँ, बलराम । असार १३, २०७१ । सरकारका काम अघि बढाउन निर्देशन । कान्तिपुर, पृ.१ ।

[28] कैलालै छ मा एमाओवादीको जमानत जफत । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/4/?from=2014-06-01&to=2014-06-30&submit=Submit

[29] कान्तिपुर टिभी, २३ जेठ, २०७१ ।

[30] बस्नेत, बालकृष्ण र विष्ट, दीपेन्द्र । जेठ २६, २०७१ । कान्तिपुर, पृ १ ।

चन्द पक्षले भने सो बैठक अस्वीकार गऱ्यो । चन्द पक्षमा रहेका नेताहरुको छुट्टै बैठकले राणालाई अध्यक्ष बनाउनु अवैधानिक भएको निष्कर्ष निकाल्यो ।[31]

## एमाओवादीको विवाद कायमै

एमाओवादीभित्र अध्यक्ष पुष्पकमल दाहाल र नेता बाबुराम भट्टराई पक्षबीच विवाद जारी थियो । त्यसलाई व्यवस्थापन गर्न अध्यक्ष दाहाललाई हम्मे हम्मे पऱ्यो । विवाद मिलाउन अध्यक्ष दाहालले व्यक्तिगत रुपमा पनि पहल गरे । धेरै पहलपछि भने दाहाल र भट्टराईबीच फरक मतलाई पार्टीभित्र र बाहिर पनि बहस चलाउने लगायतका सहमति भयो[32] जसलाई केन्द्रीय समितिले पारित गऱ्यो । त्यसपछि एमाओवादीभित्र जारी विवाद तत्कालका लागि केही मत्थर जस्तै हुन पुग्यो । बैठकले नेताहरुको जिम्मेवारी बाँडफाँड गऱ्यो ।[33] तर, त्यसप्रति भट्टराईले सहमति जनाएनन्। यसले गर्दा माओवादीभित्रको विवाद सुसुप्त अवस्थामा रहिरह्यो । नेता भट्टराइले भने पार्टीभित्रको द्वन्द्व समयमा व्यवस्थापन गर्न नसके कार्यकर्ताहरुमा पार्टीप्रतिको आकर्षण घट्दै जाने बताए ।[34] उता, अध्यक्ष दाहालले भने भट्टराइसँगको द्वन्द्वले पार्टी झन् बलियो हुने तर्क गरे ।[35]

## निष्कर्ष

सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच बिगतमा भएका सहमति कार्यान्वयन नहुँदा समस्या सिर्जना भयो । सहमति गर्ने तर कार्यान्वयन नगर्ने प्रवृतिले प्रकियालाई सहज रुपमा अघि बढाउन समस्या खडा गऱ्यो । सत्ता पक्षले रुकमान्तर गरी जथाभावी गर्न खोजेको भन्दै प्रतिपक्षीहरुले आवाज उठाउनु र त्यसलाई सरकारले सम्बोधन गर्नु सकारात्मक पक्ष हो । जसले पारदर्शिता कायम गर्न सहयोग पुऱ्याउँछ ।

प्रत्येक निर्वाचन क्षेत्रलाई दिइने पाँच लाख रुपैयाँका ठाउँमा पाँच करोड रुपैयाँ दिन सभासद्हरुले गरेको माग पनि तर्कसँगत थिएन किनकि बिगतमा उनीहरुले प्राप्त गरेको रकम दुरुपयोग भएका खबरहरु बाहिर आइरहेका थिए । निर्वाचनका बेला जनताबीच गरेका विकास निर्माणका प्रतिबद्धतालाई पूरा गर्न धेरै रकम विनियोजन गर्नुपर्ने भनेपनि त्यसको सदुपयोग हुन्छ नै भन्ने आधार थिएन । त्यसले गर्दा पनि धेरै क्षेत्रबाट यसको विरोध भयो । बिगतको नजिर हेर्दा विरोध हुनु स्वभाविक नै हो ।

सरकारले संविधान निर्माण प्रकृयालाई सबैभन्दा प्राथमिकता दिएपनि संविधान निर्माणमा भने अपेक्षा गरेअनुसार प्रगति भएन । संविधानसभाको निर्वाचन सम्पन्न भएको आठ महिनामा राजनीतिक दलहरु विवादित मुख्य मुद्दामा छलफल गरी सहमति जुटाउन केन्द्रीत भएनन् । यसले राजनीतिक दलहरुले प्रतिबद्धता त व्यक्त गर्छन् तर सोही अनुसार काम गर्दैनन भन्ने देखाउँछ । यता एमालेको महाधिवशेनका लागि समूहगत रुमपा प्रस्तुत भएर लोकतान्त्रिक अभ्यास गर्नु राम्रो भएपनि चरम

[31] कान्तिपुर टिभी, जेठ २५, २०७१ ।
[32] बिसी, गंगा । जेठ २०, २०७१ । दाहाल दंग, भट्राई असहमत । कान्तिपुर, पृ. ३ ।
[33] एकीकृत नेकपा माओवादीद्वारा जारी प्रेस विज्ञप्ति । जेठ १७, २०७१ ।
[34] पार्टीभित्रको अन्तरद्वन्द्व समयमै व्यवस्थापन गर्नुपर्छ-भट्टराई । Retrieved July 5, 2014, from http://setopati.com/raajneeti/page/4/?from=2014-06-01&to=2014-06-30&submit=Submit
[35] बाबुरामसँगको द्वन्द्वले पार्टी झन् बलियो भएको दाहालको जिकिर । http://setopati.com/raajneeti/page/9/?from=2014-06-01&to=2014-06-30&submit=Submit

गुटबन्दी र आरोप प्रत्यारोपले अराजकता हाबी हुँदै गएको छनक दियो । एमाओवादीले संसद र सडकमा आफ्ना प्रभाव देखाउन अन्य वामपन्थी दलहरुसँग सहकार्य गर्नुले संविधान निर्माणलाई सहयोग भन्दा नयाँ-नयाँ माग राखेर समस्या पार्ने संकेत देखापर्‍यो । एमाओवादीमा रहेको विवाद साम्य जस्तै त भयो तर बहसका लागि तलसम्म पनि लाने निर्णयले गुटबन्दीलाई संस्थागत गरिदियो ।

## मुख्य राजनीतिक घटनाक्रम

**जेठ १८ :**

- व्यवस्थापिका संसदको बैठक प्रतिपक्षी दलहरुद्वारा अवरुद्ध ।

**जेठ १९ :**

- एमाओवादीको केन्द्रीय समितिको बैठक । फरक मतलाई पार्टीभित्र र बाहिर पनि बहस चलाउने लगायतका सहमति भएपछि पार्टीभित्र देखापरेको विवाद तत्कालका लागि साम्य ।

**जेठ २० :**

- अवरुद्ध संसद खुलाउनेबारे काँग्रेस, एमाले र एमाओवादीको बैठक । सहमति हुन नसक्दा संसद बैठक अवरुद्ध ।

**जेठ २१ :**

- अवरुद्ध संसदको बैठक खुलाउने प्रयास असफल । प्रतिपक्षी दलहरुद्वारा संसद बैठक अवरुद्ध ।
- संविधानसभाको बैठक । सातदेखि दश प्रदेश बनाउन सभासद्हरुको जोड ।
- संवैधानिक राजनीतिक तथा सहमति समितिको बैठक । असहमतिका विषयमा सबैसँग छलफल गरी अघि बढ्नुपर्नेमा समिति सदस्यहरुको जोड ।

**जेठ २२ :**

- प्रधानमन्त्री सुशील कोइराला चीन प्रस्थान । सेकेण्ड चाइना साउथ एसिया एक्सपोको उद्घाटनमा सहभागी हुने ।

**जेठ २३ :**

- सुर्यबहादुर थापा र पशुपति शम्शेर जबरा समर्थकद्वारा पार्टी कार्यालय नियन्त्रणमा ।

**जेठ २४ :**

- अवरुद्ध संसद खुलाउनेबारे एमाले संसदीय दलका नेता केपी शर्मा ओली र एमाओवादी अध्यक्ष पुष्पकमल दाहालबीच कुराकानी ।

**जेठ २५:**

- अवरुद्ध संसद खुलाउने प्रयास असफल । प्रतिपक्षीदलहरुद्वारा संसद बैठक अवरुद्ध ।

- राष्ट्रिय प्रजातन्त्र पार्टीको केन्द्रीय समितिको बैठक । अध्यक्षमा पशपति शम्शेर राणा चयन, लोकेन्द्रबहादुर चन्द पक्षद्वारा बैठक बहिस्कार ।

**जेठ २६:**

- काँग्रेस, एमाले, एमाओवादी र नेकपा माओवादीबीच वार्ता । सर्वपक्षिय राष्ट्रिय राजनीतिक सभामार्फत संविधान निर्माण प्रक्रियामा सहभागी हुन माओवादी सकारात्मक ।

- एमाले नेता केपी शर्मा ओलीद्वारा नवौं महाधिवेशनमा अध्यक्ष पदमा उम्मेदवारी घोषणा ।

**जेठ २७ :**

- विधान संशोधन टुंगो लगाउन नसकेपछि एमाले केन्द्रीय कमिटिद्वारा अध्यक्ष झलनाथ खनालको अध्यक्षमा कार्यदल गठन ।

**जेठ २८ :**

- सत्तापक्ष र प्रतिपक्षी दलहरुबीच सहमति । विगतको सहमति कार्यान्वयन गर्ने प्रतिवद्धतासहित रकमान्तरबारे जानकारी गराएपछि संसद सुचारु ।

**जेठ २९ :**

- तराई मधेश केन्द्रीत राजनीतिक दलहरुद्वारा सांसद क्बल गठन । संसद र संविधानसभाका मुद्दामा एक भएर प्रस्तुत हुने लक्ष्य ।

**जेठ ३० :**

- संवैधानिक रजनीतिक संवाद तथा सहमति समितिको बैठक । १८ बर्ष पुगेका नागरिकलाई अनिवार्य सैनिक तालिम दिने प्रस्ताव संविधानमा नराख्ने सहमति ।

- व्यवस्थापिका संसदको बैठक । संविधानसभा निर्वाचनमा उठेका प्रश्नहरुको अध्ययन गरी सुझाव पेश गर्न संसदीय समिति गठन ।

**असार १:**

- एमाओवादी र नेकपा माओवादीद्वारा सहकार्यका लागि संयुक्त संयन्त्र बनाउने निर्णय ।

**असार २:**

- प्रधानमन्त्री सुशील कोइराला स्वास्थ्य परीक्षणका लागि अमेरिका प्रस्थान ।

- मन्त्रिपरिषद्को बैठक । पूर्व प्रधानन्यायाधीश ओमभक्त श्रेष्ठको नेतृत्वमा सत्य निरुपण तथा मेलमिलाप र बेपत्ता छानविन आयोगमा नियुक्ती सिफारिस गर्न समिति गठन ।

**असार ४:**

- संविधानसभा संविधान मस्यौदा समितिअन्तर्गत उपसमिति गठन । व्यवस्थापिका उपसमितिमा भरतमोहन अधिकारी, कार्यपालिका उपसमितिमा हितराज पाण्डे, न्यायपालिका उपसमितिमा रमेश लेखक ।

**असार ५:**

- संवैधानिक राजनीतिक संवाद तथा सहमति समिति उपसमितिको बैठक । दलहरुबीच रहेका विवादका विषयको वर्गीकरण सुरु ।
- मन्त्रिपरिषद्ले गर्ने २६ जना सभासदको नियुक्तिबारे सर्वोच्च अदालतले यसअघि गरेको आदेशलाई पुनरावलोकन गर्ने ।

**असार ७ :**

- एमालेको नवौ महाधिवेशनका लागि मुलुकका विभिन्न स्थानबाट प्रतिनिधि चयन ।

**असार ८:**

- काठमाडौं, बर्दिया, चितवन र कैलालीमा संविधानसभा उपनिर्वाचन सम्पन्न । ६९ प्रतिशत मत खसेको निर्वाचन आयोगको भनाइ ।

**असार ९ :**

- संविधानसभा उपनिर्वाचनमा काठमाडौंमा काँग्रेसका दीपक कुइकेल, चितवनमा काँग्रेसका रामकृष्ण घिमिरे, बर्दियामा एमालेका श्यामप्रसाद ढकाल र कैलालीमा काँग्रेसका पुष्करनाथ ओझा विजयी ।

**असार १२ :**

- प्रधानमन्त्री सुशील कोइरालाको फोक्सोमा देखिएको दाग क्यान्सर भएको पुष्टि ।
- संवैधानिक राजनीतिक संवाद तथा सहमति सहमतिद्वारा पत्रकार सम्मेलन । माघ ८ गतेभित्र संविधान बन्ने वातावरण बन्दै गएको निष्कर्ष ।

**असार १४:**

- एमालेको नवौं महाधिवेशनमा अध्यक्ष पदका दाबेदार माधवकुमार नेपाल र केपी शर्मा ओलीद्वारा एक कार्यकालका लागि अध्यक्षमा उम्मेदवार बन्न लागेको भनाइ ।

- एमाओवादी, नेकपा माओवादी, मातृका यादव नेतृत्वको नेकपा माओवादी, क्रान्तिकारी कम्युनिष्ट पार्टी र नेकपा एकीकृतद्वारा कार्यगत एकताको घोषणा ।

**असार १५ :**

- राष्ट्रपति रामवरण यादवद्वारा सरकारको नीति तथा कार्यक्रम पेश । संविधान निर्माण मुख्य प्राथमिकतामा ।

**असार १६:**

- काँग्रेस केन्द्रीय समिति र संसदीय दलको बैठक । सरकारको नीति तथा कार्यक्रमप्रति असन्तुष्टि ।
- राजनीतिक संवाद तथा सहमतिद्वारा संविधान निर्माणमा देखा परेका विवादको एकमुष्ट प्रतिवेदन तयार ।
- एमाओवादीसहित पाँच वामपन्थी दलद्वारा जनताको संविधान निर्माणका लागि सडक र सदनबाट दबाब दिने निर्णय ।